# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## प्रधान कार्यालय भद्रकाली प्लाजा काठमाडौं

## आन्तरिक प्रतियोगितात्मक परीक्षाका लागि आवेदन फाराम भर्ने सूचना

**(प्रथम पटक प्रकाशित मितिः-२०७९/०६/१४)**

लोकसेवा आयोगको मिति २०७९।०६।०७ गतेको सहमति र पदपूर्ति समितिको मिति २०७९।०६।१२ गतेको निर्णयानुसार कम्पनीका रिक्त पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा समूह/उपसमूह अन्तर्गतका पदमा साविक नेपाल खाद्य संस्थान कार्यालय सञ्चालन तथा कर्मचारी सेवा शर्त र सुविधासम्बन्धी विनियमावली, २०६४ (संशोधन सहित) मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेभसाइट www.fmtc.org.npमा गई Online application मार्फत प्राप्त हुने गरी रितपूर्वक दरखास्त फाराम बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने कुनै पनि दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह/उपसमूह | पद सङ्ख्यां |
|---|---|---|---|---|---|---|
| १ | १३/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्रशासन | सामान्य प्रशासन | ३ |
| २ | १४/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्राविधिक | सिभिल इञ्जिनियरिङ्ग | १ |
| ३ | १५/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्राविधिक | विविध | १ |
| ४ | १६/०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | सामान्य प्रशासन | ६ |
| ५ | १७/०७९-०८० | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | १४ |
| ६ | १८/०७९-०८० | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | ८ |

**द्रष्टव्यः-**

१. **परीक्षा दस्तुरः-** तह-८ का लागि रु. १४००/-, तह- ७ का लागि रु. १२००/-, तह-६ का लागि रु. १०००/- र तह-५ का लागि रु. ८००/- लाग्नेछ।दरखास्त फाराम भरिसकेपछि Payment tap मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट उल्लिखित दस्तुर भुक्तानी गर्न सकिनेछ।
२. आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम कम्पनीको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ।
३. लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।परीक्षा मिति पछि प्रकाशित हुनेछ।
४. सूचना प्रकाशित भएको मितिले ३५ औं दिन सार्वजनिक विदा पर्न गएकामा पनि दरखास्त पेश गर्ने समयावधि थप हुनेछैन।
५. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरु स्पष्ट, द्विविधारहित र छानविन गर्न सकिने हुनुपर्नेछ।
६. सूचनामा उल्लिखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम शैक्षिक योग्यतानपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाएका वा रितपूर्वक पेस नभएका दरखास्त फारामहरू स्वीकृत गरिने छैन ।
७. यो सूचनामा नभएको विषयको हकमा कम्पनीको विनियमावली बमोजिम हुनेछ।
८. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

**पदपूर्ति समिति**